# केन्द्रीय कानून पुस्तकालय

## रानीपोखरी, काठमाडौं

## आ.व. २०७९।०८०को तीन महिना

## (२०८० बैशाख  देखि २०८० असार मसान्त सम्म)

**यस पुस्तकालयले सम्पादन गरेका कार्यहरूको प्रगति विबरण सूचनाको हक सम्बन्धी ऐन, २०६४को दफा ५को उपदफा (३)को प्रयोजनको लागि प्रत्येक ३/३ महिनामा अध्यावधिक गरी स्वतः प्रकाशन गर्नुपर्ने व्यवस्था अनुसार यहि मिति २०८० बैशाख १ देखि २०८० असार मसान्त सम्म सम्पादित कामको बिवरण यस पुस्तकालयको** website: cll.gov.np **मा सवैको निमित्त सार्वजनिक गरिएको जानकारी ।**

### १. पुस्तकालयको संक्षिप्त परिचयः

कानून विषयको अध्ययन अनुसन्धानको निमित्त उपयुक्त सार्वजनिक पुस्तकालय नभएको, आन्तरिक प्रयोजनका लागि स्थापना गरिएका संस्थागत पुस्तकालय जस्तै मन्त्रालयहरूका पुस्तकालय, अदालतका पुस्तकालय, महान्यायाधिवक्ताको पुस्तकालय, नेपाल बारका पुस्तकालय आदीमा बिद्यार्थी तथा कानूनका अध्येताहरूको सहज रूपमा पहुँच नपुग्ने भएकोले कानून अध्ययन, अनुसन्धानको निमित्त केन्द्रीय स्तरको सार्वजनिक पुस्तकालयको आवश्यकता महशूस गरी सर्वोच्च अदालतको समेत अग्रसरतामा केन्द्रीय कानून पुस्तकालयको स्थापना गरिएको हो ।

नेपाल सरकारले विकास समिति ऐन २०१३ ले दिएको अधिकार प्रयोग गरी जारी गरेको केन्द्रीय कानून पुस्तकालय विकास समिति गठन आदेश २०५२ बाट केन्द्रीय कानून पुस्तकालयको स्थापना तथा सञ्चालन गरिएको हो । पुस्तकालय सञ्चालनको लागि आवश्यक पर्ने पूर्वाधार तथा भौतिक संरचना, कर्मचारी तथा प्रशासनिक खर्च नेपाल सरकारबाट उपलब्ध हुँदै आएकोछ । साथै पुस्तकालयलाई विभिन्न संघ, संस्थाबाट समेत पुस्तकहरू सहयोग स्वरूप प्राप्त हुने गरेको छ ।

विकास समिति गठन आदेशमा व्यवस्था भए बमोजिम केन्द्रीय कानून पुस्तकालय विकास समितिको सञ्चालन गर्न सर्वोच्च अदालतका माननीय न्यायाधीशको अध्यक्षतामा  कानून न्याय तथा संसदीय मामिला मन्त्रालयका सचिव, सर्वोच्च अदालतका रजिष्ट्रार, महान्यायाधिवक्ताको कार्यालयका नायव महान्यायाधिवक्ता, शिक्षा मन्त्रालयका सहसचिव, नेपाल वार एसोसिएसनका अध्यक्ष, त्रिभुवन विश्वविद्यालयको कानून संकायका डीन सदस्य र पुस्तकालय प्रमुख सचिव रहेको समिति रहने व्यवस्था गरिएको छ ।

पुस्तकालयको गठन आदेशमा व्यवस्था भएबमोजिम स्वदेश तथा विदेशबाट प्रकाशित भएका कानून विषयका पुस्तक, अदालतका फैसलाहरू, पत्रपत्रिका र टिपोट आदिको संकलन गर्ने, व्यवस्थित गर्ने लगायतका कार्यहरू यस पुस्तकालयले गर्दै आईरहेको छ । यसका अलावा पुस्तकालयलाई आवश्यक पुस्तक तथा अन्य सामाग्रीहरू प्राप्त गर्ने कार्य समेत पुस्तकालयले गर्दै आएको छ ।

पुस्तकालयमा कानून विषयका १७,५९४ भन्दा बढी पुस्तकहरू रहेका छन् । यो कानून विषयको एक मात्र विशिष्टिकृत सार्वजनिक पुस्तकालय भएकोले विशेषगरी यहाँबाट कानून बिषयका स्नातक, स्नातकोत्तर, तथा विद्यावारिधि अध्ययन गर्ने हजारौ विद्यार्थीहरूले सहज रूपमा सेवा पाईरहेका छन् । यसका अलावा विभिन्न अदालतका न्यायाधीशहरू, वकिल तथा कानून विषयका प्राध्यापकहरू समेतलाई यस पुस्तकालयले अध्ययन अनुसन्धानको निमित्त पाठ्य सामाग्री तथा अन्य सेवाहरू उपलब्ध गराई सहयोग पुर्‍याउदै आएको छ । यस पुस्तकालय वार्षिक रूपमा २७,००० भन्दा बढी पयोगकर्ताले प्रयोग गर्ने तथा सेवा लिने गरेका छन् ।

## २. मुख्य कार्यहरू

१ पुस्तकालयको विकास सम्बन्धमा नीति निर्धारण गर्ने ।

२ पुस्तकालयको सुधार, विस्तार र सेवाको स्तर वृद्धिगर्न आवश्यक श्रोत र साधनको खोजि गर्ने ।

३ नेपाल प्रकाशित कानूनका पुस्तक, पत्रपत्रिका टिपोट आदिको संकलन गर्ने ।

४ नेपाल बाहिरबाट प्रकाशित कानूनको दृष्टिले महत्वपूर्ण मानिएका पुस्तक, विभिन्न अदालतबाट भएका फैसला तथा पत्रपत्रिकाहरूको संकलन गर्ने

५ पुस्तकालयको विकासको लागि विभिन्न पुस्तकालयहरूसंग समन्वय राखि काम गर्ने

६ नेपाल सरकारको स्वीकृती लिई विदेशी संघ, संस्था एवं व्यक्तिहरूबाट पुस्तक, पत्रिका लगायत पुस्तकालयकोलागि आवश्यक सामाग्रिहरू प्राप्त गर्ने ।

७ पुस्तकालय विकास सम्बन्धि अन्य कार्यहरू गर्ने गराउने ।

## ३. सांगठनिक संरचना

केन्द्रीय कानून पुस्तकालय विकास समिति
(बोर्ड)
⇩
पुस्तकालय प्रमुख
⇩
कर्मचारीहरू

## ४. दरवन्दी

पुस्तकालय प्रमुख- १ (अधिकृत द्वितीय (करार सेवा)

पुस्तकालय अधिकृत-१ (अधिकृत तृतीय)

पुस्तकालय सहायक- २ (सहायक प्रथम)

लेखापाल -१ (सहायक प्रथम)

सहायक कम्प्युटर अपरेटर-१ (सहायक द्वितीय)

काउन्टर सहायक-१ (सहायक द्वितीय) (करार सेवा)

हलुका सवारी चालक –१

कार्यालय सहयोगी -२ (करार सेवा)

**५. पुस्तकालयबाट प्रदान गरिने सेवाहरू**

१. पुस्तक तथा अध्ययन सामाग्री सेवा

२. सन्दर्भ सेवा

३. पाठक सहायता सेवा

४. फोटोकपि सेवा

५. इन्टरनेट सेवा

६. विद्युतीय पुस्तकालय सेवा

**६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर**

१. फोटोकपि सेवा प्रति पेज रू. १।५०

२. इन्टरनेट सेवा प्रति घण्टा रू. १०

३. प्रिन्टिङ्ग सेवा एकतर्फ रू.३ दुवैतर्फ रू.५

४. पुस्तकालयका अन्य सेवाहरू निशुल्क रूपमा उपलब्ध छन् ।

**७. सेवा प्राप्त गर्न लाग्ने अवधी**

तत्काल उपलब्ध हुने

**८. सम्पादन गरेका कामको विबरण**

१. पुस्तकालयले २०८० बैशाख १ देखि २०८० असार मसान्त सम्ममा करिव ७००० पाठकहरूलाई सेवा पुर्‍याएको छ । पुस्तकालयमा हाल एक पटकमा करिव १०० प्रयोगकर्ताहरूलाई सेवा पुऱ्याउन सक्ने क्षमता छ ।

२. आ.व. ०७९।०८०को चैत्र मसान्त सम्ममा पुस्तकालयलाई २७ थान पुस्तकहरू विभिन्न संघ, संस्थाहरूबाट उपहार स्वरूप प्राप्त भएको छ भने पुस्तकालयले ११२ थान पुस्तकहरू खरिद गरेको छ।

३. पुस्तकालय ब्यवस्थापन सम्बन्धी कम्प्युटर सफ्टवेयर (KOHA)प्रयोग गरी पुस्तकालयमा भएका पुस्तकहरूको Online Public Access Catalogue तयार गरीएको छ। उक्त क्याटलगमा आ.व. २०७९।०८०को असार मसान्त सम्ममा १३,३८० पुस्तकहरू सूचिकृत भएका छन्। उक्त पुस्तकहरूको सूचि पुस्तकालयको Local Computer Network मा हेर्न सकिन्छ।

४. यसैगरी पुस्तकालयमा D-Space Software को प्रयोग गरी Thesis लगायतका Full Text Document समेत offline access गर्न सकिने ब्यवस्था मिलाइएको छ। यसमा हाल त्रिभुवन विश्वविद्यालय, कानून संकायबाट प्राप्त भएका ११ थान विद्यावारिधिका शोधपत्रहरू हेर्न सकिन्छ।

५. श्री कानून न्याय तथा संसदीय मामिला मन्त्रालयको पहलमा A2J परियोजना मार्फत एक थान सर्भर Computer का साथै ९ थान Computer Monitor, एक थान Desktop Computer तथा अन्य Networking का सामान सहित इ-पुस्तकालयलाई Upgrade गरिएको छ।

## ९. प्रमुख र सूचना अधिकारीको नाम र पद

पुस्तकालय प्रमुख श्री केन्द्रा फोम्बो कार्यालय प्रमुख रहेको यस पुस्तकालयको सूचना अधिकारीको रूपमा पुस्तकालय सहायक श्री स्वराज पोखरेल तोकिनु भएको छ।

## १०. ऐन, नियम सूचि

१. केन्द्रीय कानून पुस्तकालय विकास समिति (गठन) आदेश, २०५२
२. केन्द्रीय कानून पुस्तकालय विकास समिति (गठन) (पहिलो संसोधन) आदेश, २०७३
३. केन्द्रीय कानून पुस्तकालय विकास समिति (कार्य सञ्चालन) नियमावली, २०५७
४. केन्द्रीय कानून पुस्तकालय विकास समिति (कार्य सञ्चालन) (पहिलो संसोधन) नियमावली, २०७०
५. केन्द्रीय कानून पुस्तकालय विकास समिति (कार्य सञ्चालन) (दोस्रो संसोधन) नियमावली, २०७३
६. केन्द्रीय कानून पुस्तकालय विकास समिति (कार्य सञ्चालन) (तेस्रो संसोधन) नियमावली, २०७५
७. केन्द्रीय कानून पुस्तकालय विकास समिति (कार्य सञ्चालन) (चौथो संसोधन) नियमावली, २०७५
८. केन्द्रीय कानून पुस्तकालय विकास समिति (कार्य सञ्चालन) (पाचौं संसोधन) नियमावली, २०७८

# ११.आम्दानी खर्च तथा आर्थिक कारोवार सम्बन्धी विवरण

म.ले.प.फाराम १३

नेपाल सरकार
केन्द्रीय कानून पुस्तकालय
रानीपोखरी, काठमाडौं
खर्चको फाँटवारी
२०७९/०८० असार महिनाको

| यो महिनाको खर्च | २०८०साल.. सम्म निकासा | बजेट रकम नं. | हिसाबको नाम | बजेट रकम (वार्षिक) | २०८०साल.. सम्मको खर्च | बाँकी |
|---|---|---|---|---|---|---|
| ३,२३,१८०। | ४१,८२,४१८। | २११११ | तलब | ४१,८२,४१८। | ४१,८२,४१८। | X |
| – | ८०,०००। | २११२१ | पोशाक | ८०,०००। | ८०,०००। | X |
| १०,०००। | १,२०,०००। | २११३२ | महंगी भत्ता | १,२०,०००। | १,२०,०००। | X |
| २०,०००। | ७०,०००। | २११४१ | बैठक भत्ता | ७०,०००। | ७०,०००। | X |
| ३८,६६८। | २,२६,०००। | २२१११ | पानी बिजुली महसुल | २,२६,०००। | २,२६,०००। | X |
| – | ५०,२००। | २२११२ | सञ्चार महसुल | ५०,२००। | ५०,२००। | X |
| २६,४००। | १,४९,५०६। | २२२१२ | इन्धन | १,४९,५०६। | १,४९,५०६। | X |
| १०,३९२। | १,००,०००। | २२२१३ | सवारी साधन मर्मत खर्च | १,००,०००। | १,००,०००। | X |
| – | २३,६९६।३ | २२२१४ | बिमा तथा नविकरण खर्च | २३,६९६।३ | २३,६९६।३ | X |
| – | ५०,०००। | २२२९१ | सञ्चालन तथा मर्मत संभार खर्च | ५०,०००। | ५०,०००। | X |
| ८,८५५। | १,२८,५८५। | २२३११ | मसलन्द तथा कार्यालय सम्बन्धी खर्च | १,२८,५८५। | १,२८,५८५। | X |
| ४२,६९०।७ | ३,३४,४४९।७ | २२३१३ | पुस्तक तथा सामाग्री खर्च | ३,३४,४४९।७ | ३,३४,४४९।७ | X |
| – | १५,०००। | २२४११ | सेवा र परामर्श खर्च | १५,०००। | १५,०००। | X |
| – | – | २२४१२ | सूचना प्रणाली तथा सफ्टवेयर सञ्चालन खर्च | – | – | X |
| २१,५००। | १,०७,७४५। | २२४१३ | करार सेवा शुल्क | १,०७,७४५। | १,०७,७४५। | X |
| २२,३३०। | ६५,०००। | २२७११ | विविध खर्च | ६५,०००। | ६५,०००। | X |
| – | ६,५०,०००। | २७३१२ | सेवा निवृत्त सुविधाहरु | ६,५०,०००। | ६,५०,०००। | X |
| ३१,८५०। | १,२७,४००। | ३१११५ | फर्निचर्स तथा फिक्चर्स | १,२७,४००। | १,२७,४००। | X |
| – | २०,०००। | ३११२२ | मेसिनरी सामान | २०,०००। | २०,०००। | X |
| ५,५५,८६५।७ | ६५,००,०००। | | जम्मा | ६५,००,०००। | ६५,००,०००। | X |

कोषको व्यवस्था:-

मिति: २०८०। । । बैंकको नाम: राष्ट्रिय वाणिज्य बैंक, थापाथली बैंक खाता नं.१४३०१००००२४८५००१

जम्मा जम्मी निकासा ६५,००,०००।-

जम्मा जम्मी खर्च ६५,००,०००।-

बाँकी ×

फछ्र्यौट बाँकी पेश्की:- ×

पेश्की कटाई बाँकी खर्च :- ×

नगद मौज्दात जाँच गर्दा ठिक छ भनी सही गर्ने

पेश गर्ने:- Preetha

दर्जा :- (लेखापाल)

बैंक मौज्दात :-
तहबिलमा मौज्दात :-

ठिक छ भनी सही गर्ने:- ×

सदर गर्ने :-

दर्जा :- ( पुस्तकालय प्रमुख )